annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २७९ पृष्ठ १० | काठमाडौं, बुधबार ३० माघ २०८१ | माघ शुक्ल ... | नेपाल संवत् ११४५ | WEDNESDAY, FEBRUARY 12, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# सुशासनको अंक झन् घट्यो

## भ्रष्टाचार सूचकांकमा १ अंक झऱ्यो, तह भने बढ्यो

०६२/६३ को जनआन्दोलन सफलतापछि जनतामा अपेक्षा थियो- 'अब भ्रष्टाचार रोकिएला, सुशासन होला। अनि, देशले विकास र समृद्धिमा फड्को मार्ला।' तर, जनताको अपेक्षाले कहिल्यै सार्थकता पाएन। बर्सेनि अति नै भ्रष्टाचार हुने सूचीमा देश परिरह्यो। अन्तर्राष्ट्रिय क्षेत्रमा बदनाम भइरह्यो। सन् २०२४ मा पनि ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) ले सार्वजनिक गरेको भ्रष्टाचार अबधारणा सूचकांक (सीपीआई) प्रतिवेदनमा मुलुक अति नै भ्रष्टाचार हुने सूचीमै छ। अर्थात् १०० मा नेपालले ३४ अंक मात्रै पाएको छ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*
- को रिपोर्ट




विश्वमा सबैभन्दा कम भ्रष्टाचार हुने १० देश

| प्राप्तांक | देश | स्थान |
|---|---|---|
| ९० | डेनमार्क | १ |
| ८८ | फिनल्यान्ड | १ |
| ८४ | सिंगापुर | २ |
| ८३ | न्युजिल्यान्ड | ३ |
| ८१ | लक्जेम्बर्ग | ४ |
| ८१ | नर्वे | ५ |
| ८१ | स्विट्जरल्यान्ड | ६ |
| ८० | स्विडेन | ७ |
| ७८ | नेदरल्यान्ड | ९ |
| ७७ | अस्ट्रेलिया | १० |

विश्वमा सबैभन्दा धेरै भ्रष्टाचार हुने १० देश

| प्राप्तांक | देश | स्थान |
|---|---|---|
| ८ | दक्षिण सुडान | १८० |
| ९ | सोमालिया | १७९ |
| १० | भेनेज्यूएला | १७८ |
| १२ | सिरिया | १७७ |
| १३ | यमन | १७३ |
| १३ | लिबिया | १७३ |
| १३ | इरिट्रिया | १७३ |
| १३ | इक्वेटोरियल गिनिया | १७३ |
| १४ | निकारागुवा | १७२ |
| १५ | सुडान | १७० |

# अन्नपूर्ण-यूएसएलाई अमेरिकी कांग्रेस सदस्यको प्रशंसा



**काठमाडौं** (अन्नपूर्ण) : अमेरिकी कांग्रेस सदस्य सुहास सुब्रमण्यमले अन्नपूर्ण मिडिया नेटवर्क (एएमएन-यूएसए)लाई अन्तर्राष्ट्रिय मिडिया मान्यता दिएका छन्। उनले अन्नपूर्ण मिडिया नेटवर्कले सूचनामार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याएको महत्वपूर्ण भूमिकाको प्रशंसा गरेका हुन्। बाइस्ट्रिम एलएलसीका चेयरम्यान एड्रियन आशिष पोखरेललाई पत्र पठाएर सांसद सुब्रमण्यमले अन्नपूर्ण मिडिया नेटवर्कले नेपाल र अमेरिकाबीच सम्बन्ध थप प्रगाढ बनाउन खेलेको भूमिकाको प्रशंसा गरेका हुन्।

एएमएन-यूएसएले नेपाल र अमेरिकाबीचको सम्बन्धलाई स्थापित गर्न महत्वपूर्ण भूमिका खेलिरहेको सांसद सुब्रमण्यमले बताए। अब अन्नपूर्ण मिडिया नेटवर्कले राष्ट्रिय स्तरमामात्रै सीमित नभई अन्तर्राष्ट्रिय स्तरमा समेत प्रभाव जमाउन सुरु गरेको उनले बताए।

'अन्नपूर्ण मिडिया नेटवर्कको सहयोगी संस्था एएमएन-यूएसएको स्थापना नेपाली समुदायका लागि ऐतिहासिक कदम हो। यसले प्रवासी नेपालीको उत्थान गर्न र विश्वभरिका नेपालीहरूलाई जोड्ने साझा मञ्चको रूपमा काम गर्ने विश्वास लिएको छु,' सुब्रमण्यमले पत्रमा लेखेका छन्।

» बाँकी पृष्ठ ५



The WonderLand HAPPIEST PLACE IN NEPAL
THE WONDERLAND
Bungamati, Lalitpur
SPONSORS
Yeti Airlines | Arsiala | Current | अर्थभूमि | SKYWALK | Sayami | NITYA Traditional TEX (P.) LTD. | Dr.WEB